प.लि. दर्ता नं. १२३४

# महिला सहयात्रा
## लघुवित्त वित्तीय संस्था लि.
Mahila Sahayatra Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

च.नं. ४५ /२०७७/७८

मिति : २०७७/०४/२१

श्री नेपाल स्टक एक्सचेञ्ज लि.,सिहदरबार प्लाजा,काठमाडौं ।
काठमाण्डौ ।

**विषय : स्थगित सातौ वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस बित्तीय संस्थाको मिति २०७६/११/२० गते (तदनुसार ३ मार्च, २०२०) मा बसेको सञ्चालक समितिको १०४ औ बैठकको निर्णयानुसार सातौ बार्षिक साधारणसभा २०७६ चैत्र २२ गतेका लागि तय गरी मिति २०७६/११/२२ गते सूचना प्रकाशित गरिएकोमा विश्वभर माहामारीको रुपमा फैलिएको (कोभिड १९) का कारण देशमा बिषम परिस्थिती सृजना भई उक्त सातौ बार्षिक साधारण सभा स्थगित गरिएकोमा संचालक समितिको मिति २०७७ श्रावण १९ गते बसेको १११ औ बैठकको निर्णयानुसार कोरोना भाइरसको जोखिमलाई फैलिन नदिन उच्च सतर्कता तथा सामाजिक दुरी कायम गर्ने गरी कम्पनीको स्थगित सातौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सातौं साधारण सभा सम्वन्धी सूचना मिति २०७७ श्रावण २१ गतेको अन्नपूर्ण पोष्टमा प्रकाशित भएको व्यहोरा जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७७ भाद्र १३ गते शनिबार ( २९ अगष्ट, २०२०)
स्थान : केन्द्रीय कार्यालय,चित्लाङ ,थाहा न.पा. ९, मकवानपुर ।
समय : बिहान ११:०० बजे ।

भवदीय,

सरिता श्रेष्ठ
कम्पनी सचिव

**बोधार्थ :**

(१) श्री धितोपत्र बोर्ड, जावलाखेल , ललितपुर ।
(२) श्री सिडिएस एण्ड क्लियरिङ लि., पुतलीसडक , काठमाण्डौ ।
(३) श्री सिद्धार्थ क्यापिटल लि. नक्साल , काठमाण्डौ ।

CDS and Clearing Ltd.

2066 | 8 | 29

# महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेड
# Mahila Sahayatra Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय: थाहा न.पा.९, चित्लाङ, मकवानपुर
फोन नं. ०५७-६९३९४१

## सातौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७७ श्रावण २१ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७६/११/२० गते (तदनुसार ३ मार्च, २०२०) मा बसेको सञ्चालक समितिको १०४औं बैठकको निर्णयानुसार सातौं वार्षिक साधारणसभा २०७६ चैत्र २२ गतेका लागि तय गरी मिति २०७६/११/२२ गते सूचना प्रकाशित गरिएकोमा विश्वभर माहामारीको रुपमा फैलिएको (कोभिड १९) का कारण देशमा विषम परिस्थिती सृजना भई संचालक समितिको मिति २०७६/१२/१२ गते बसेको १०५औं बैठकको निर्णयानुसार अर्को संचालक समितिको निर्णय नभएसम्मका लागि उक्त सातौं वार्षिक साधारण सभा स्थगित गरिएकोमा संचालक समितिको मिति २०७७ श्रावण १९ गते बसेको १११ औं बैठकको निर्णयानुसार कोरोना भाइरसको जोखिमलाई फैलिन नदिन उच्च सतर्कता तथा सामाजिक दुरी कायम गर्ने गरी कम्पनीको स्थगित सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान:**

मिति : २०७७ भाद्र १३ गते शनिबार (२९ अगष्ट, २०२०)
स्थान : केन्द्रीय कार्यालय, चित्लाङ, थाहा न.पा.-९, मकवानपुर।
समय : बिहान ११:०० बजे।

**छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्तावहरु :**

१) सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व.२०७५/७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, आ.व.२०७५/०७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोहि अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।

३) आ.व. २०७५/७६ सम्मको मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजी रु. १२,१०,००,०००/– को ७.५ प्रतिशतले हुने नगद लाभांश रकम रु.९०,७५,०००/– (नगद र बोनश शेयरको कर सहित) सेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम सेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) **विशेष प्रस्तावहरु:**

१. संचालक समितिले प्रस्ताव गरे अनुसार यस वित्तीय संस्थाको हालको अधिकृत पूँजी २०,००,००,०००|- (अक्षेरपी रु.बिस करोड) मा वृद्धि गरी ४०,००,००,०००|- (अक्षेरपी रु.चालिस करोड) पुऱ्याउने तथा जारी तथा चुक्ता पूँजी रु. १२,१०,००,०००|– को १० प्रतिशतले हुन आउने रकम रु.१,२१,००,०००|– (अक्षेरुपी रु.एक करोड एक्काइस लाखमात्र ) बराबर बोनश शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु.१३,३१,००,०००|– (अक्षेरुपीरु. तेह्र करोड एकतिस लाख) पुऱ्याउने सम्बन्धी प्रस्ताव पारित गर्ने। उक्त अनुपातमा बोनश शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई पहिलेको भिन्न अंक संग समायोजन गरी बाँकी हुन आउने भिन्न अंक पछि समायोजन गर्ने गरी यथावत राख्ने।

२. संस्थाको अधिकृत पूँजी, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोहि बमोजिम प्रबन्धपत्रको सम्बन्धित दफाहरुमा आवश्यक संशोधन गर्ने।

३. यस वित्तीय संस्थाको संचालक समितिमा रिक्त संचालक पदमा कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट दुइ जना सञ्चालक पद रिक्त रहेकोमा सोको निर्वाचन गर्ने।

४. वित्तीय संस्थाको अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतहरुको विदेश भ्रमण कार्यविधी पारित गर्ने।

५ वित्तीय संस्थाको संचालकले पाउने बैठक भत्ता तथा कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक (होटल खर्च बाहेक) तथा भ्रमण भत्तामा संशोधन गर्ने र सोही बमोजिम नियमावलीमा संशोधन गर्ने।

६. विग्रेशन सम्बन्धी कारोबार गर्न प्रबन्धपत्रमा सो व्यवस्था उल्लेख नभएकोले नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।

७. यस वित्तीय संस्थामा अरु लघुवित्त वित्तीय संस्था वा कार्यक्रम गाभ्ने/गाभिने वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर र प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग समभ्रदारीपत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्ने गराउने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

८. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यकतानुसार थपघट, परिमार्जन संशोधन र सच्याउन वित्तीय संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

(ग) विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१) सातौं वार्षिक साधारण सभाको प्रयोजनकोलागि मिति २०७६/१२/०४ गते १ दिन वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द भइसकेको छ। मिति २०७६/१२/३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई कायम शेयरधनीहरुलाई मात्र साधारण सभामा भाग लिन, मतदान गर्ने र लाभांश पाउने अधिकार हुनेछ।

२) शेयरधनी महानुभावहरुको उपस्थिती पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिती पुस्तिका साधारण सभा हुने दिन बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

३) साधारण सभामा भाग लिन आउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र वा शेयर प्रमाण-पत्र, हितग्राही नम्बर वा परिचय खुल्ने प्रमाण साथमा लिइ आइ दिनु हुन अनुरोध छ।

४) प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुनेगरि प्रतिनिधि पत्र (प्रोक्सि फाराम) भरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरि सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य हुनेछ।

५) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयं सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सि) स्वत: बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

७) शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सि) नियुक्ति गर्दा वित्तीय संस्थाको अर्को कुनै शेयरधनीलाई मात्र गर्नुपर्नेछ। त्यस्तो प्रोक्सि दिंदा संस्थापक समूहको शेयरधनीले संस्थापक शेयरधनीलाई र सर्वसाधारण समूहका शेयरधनीले सर्वसाधारण शेयरधनीहरुलाई मात्र प्रोक्सि दिन सकिनेछ। निजले आफ्नो र प्रोक्सि दिने शेयरधनी तर्फबाट समेत प्रतिनिधि भई मतदान गर्न पाउनेछ।

८) सर्वसाधारण शेयर धनीबाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम साधारण सभा हुने दिनको ७ दिन अगाडि नै निर्वाचन अधिकृतले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा प्रकाशन गरिने छ। सो कार्यक्रम बमोजिम निर्वाचनको कार्यक्रम संचालन हुने छ। निर्वाचन सम्बन्धी जानकारी निर्वाचन अधिकृतबाट लिन सकिनेछ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा सात दिन अगाडि नै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ

१०) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११) कोरोना भाइरस (कोभिड १९) को कारण सभामा उपस्थित हुँदा कम्तीमा आवश्यक सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभा स्थलमा बस्ने व्यवस्था मिलाइने हुँदा उक्त भाइरसको संक्रमणबाट बच्न तथा बचाउनका लागि आवश्यक पर्ने मास्क, पञ्जा लगायतको न्यूनतम सुरक्षाको उपकरणहरु अनिवार्य रुपमा प्रयोग गर्नु हुन सम्पूर्ण शेयर धनीहरुलाई अनुरोध छ।

कुनै शेयरधनीहरुले साधारण सभामा भिडियो कन्फरेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहेमा कम्पनी सचिवलाई सभा हुनुभन्दा २ दिन अघि नै आफ्नो नाम टिपाउनु पर्नेछ। भिडियो कन्फरेन्स मार्फत उपस्थित हुने शेयरधनीहरुलाई आवश्यक लिंक उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईनेछ।

साधारणसभा सम्बन्धी थप जानकारीको लागि संस्थाको वेवसाईट www.mahilasahayatra.com.np मा हेर्न वा संस्थाको केन्द्रीय कार्यालय मकवानपुर, थाहा न.पा.-९ चित्लाङ मा सम्पर्क राख्नु हुन अनुरोध छ।